साझा सेवा
(सहकारी संस्था) लि.

केन्द्रिय कार्यालय : बल्खु, काठमाण्डौ, ४६७१९८९
E-mail : sajhapsl@gmail.com
Website : www.sajhasewa.com.np
कार्यकारी निर्देशक:- ४२७७१८०, मुख्य निर्देशक:-४२८२३५६
पुल्चोक आयल स्टोर ५५५३३०९
वाफल आयल स्टोर ५२३७३६९
बल्खु आयल स्टोर ४६७१९८९
सानेपा आयल स्टोर ५१८३२७२
बनेपा आयल स्टोर ०११-६६४५६७
भद्रकाली मल तथा ग्यास बिक्री शाखा ४२६५७५८
बल्खु मल तथा ग्यास बिक्री शाखा ४६७१९८९

पत्र सङ्ख्या :-
च. नं. :-

**विषय :-**

३. दरभाउपत्र स्वीकृत भएका निवेदकले सूचना पाएको १५ दिनभित्र आफूले कवोल गरेको वार्षिक भाडा रकमको ३ महिना बराबरको रकम धरौटी स्वरुप संस्थाको बैंक खातामा दाखिला गरी बैंक भौचर सहित सम्झौता गर्न आउनुपर्नेछ। सो म्यादभित्र तोकिएको रकम सहित सम्झौता गर्न नआएमा सम्झौता गर्न नआउने दरभाउपत्रदाता (निवेदक) को दरभाउपत्र रद्द हुनेछ।

४. संस्थाको हितलाई ध्यानमा राखी सबैभन्दा बढी भाडा रकम कवोल गर्ने निवेदकलाई पसल कवल र हल सहितको घर वहालमा दिइनेछ।

५. घर प्रयोग गर्दा आवश्यक पर्ने बत्ती, पानीको प्रयोगको रकम भाडावाला स्वयंले तिर्नुपर्नेछ।

६. निवेदकले सिलबन्दी दरभाउपत्र पेश गर्दा फर्म, संघ संस्था वा कम्पनीको हकमा कम्पनी दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि पेश गर्नुपर्नेछ।

७. भवनको भाडा मासिक रुपमा संस्थाको बैंक खातामा जम्मा गर्नुपर्नेछ।

८. निवेदकले आफूले पेश गरेको रकम अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

९. कवल लगायत घर, कम्पाउण्डको मर्मत संभार तथा सरसफाईको व्यवस्थापन भाडावाला आफैले गर्नुपर्नेछ।

१०. घर वहालमा लिई गरिने व्यवसायबारे स्पष्ट उल्लेख गर्नुपर्नेछ। संस्थालाई प्रतिकूल हुने र नेपाल सरकारले प्रतिबन्ध लगाएको व्यवसाय गर्न पाइने छैन।

११. घर कम्पाउन्डमा कुनै संरचनामा परिवर्तन गर्नुपर्ने भएमा संस्थाको पूर्व स्वीकृति लिनुपर्नेछ।

१२. घर वहाल कर (टिडिएस) वाहेक कानून बमोजिम अन्य कुनै कर तिर्नुपर्ने भएमा वहालबाला स्वयंले तिर्नुपर्नेछ।

१३. वहालमा आफूले लिएको पसल कवल, हल, घर कम्पाउन्ड अन्य कुनै व्यक्ति/फर्म वा संघ संस्थालाई दिनुपर्ने भएमा संस्थाको स्वीकृति लिनुपर्नेछ।

१४. सिलबन्दी दरभाउपत्र स्वीकृत/अस्वीकृत सम्बन्धी सम्पूर्ण अधिकार साझा सेवा (सहकारी संस्था) लि. मा रहनेछ।

१५. यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक परेमा संस्थाको केन्द्रीय कार्यालय, बल्खु, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन र यस बारेको विस्तृत विवरण संस्थाको वेवसाइटबाट हेर्न सकिनेछ।

साझा सेवा (सहकारी संस्था) लि.
केन्द्रीय कार्यालय, बल्खु, काठमाडौं
फोन नं. : ०१-४२८२३५६/४२७५७३१/४६७१९८९
इमेल : sajhapsl@gmail.com
वेवसाइट : www.sajhasewa.com.np